बुङ्गल नगरपालिका

# स्थानीय राजपत्र

बुङ्गल नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७) विजगडा, असार २० गते २०७९ साल (अतिरिक्ताङ्क ०

## भाग १

## बुङ्गल नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुङ्गल नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम बुङ्गल नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ रहेको छ।

(२) यो ऐन बुङ्गल नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले बुङ्गल नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ।

(ख) “कार्यपालिका” भन्नाले बुङ्गल नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) “नगरपालिका” भन्नाले बुङ्गल नगरपालिका सम्झनु पर्छ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बुङ्गल नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही बुङ्गल नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

आज्ञाले
देवराज जोशी
नि. प्रमुख प्रशासकीय अधिकृत